# श्री ५ पृथ्वीनारायण शाहका लालमोहर र धैंबुङको अभिलेख

—शङ्करमान राजवंशी

पुरातत्त्वविभागमार्फत पूर्वमा इलाम र भद्रपुर तथा पश्चिममा नुवाकोट र धैंबुङ भ्रमण गरी ऐतिहासिक ठाउँको निरीक्षण गरेको र केही ऐतिहासिक सामानको उपलब्धि भएको कुराको विवरण प्राचीन नेपाल संख्या २ मा ऐतिहासिक निरीक्षण र त्यसको उपलब्धि भन्ने मेरो लेखमा बताइसकेको छु । प्रामाणिक इतिहास तयार पार्न तात्कालिक लेखको जति महत्त्व हुन्छ त्यति अरूको हुँदैन भन्ने कुरा इतिहासका विद्वान्हरूलाई विदितै छ । यस्ता उपयोगी सामानलाई संग्रह गर्दै प्रकाश गर्नु राष्ट्रहितका लागि अत्यन्त आवश्यक छ । किनभने बितेका कुराको इतिहास बनाउन यस्तै सामानको आधार लिनुपर्छ । यस्ता प्राप्त सामानहरूलाई प्रकाश गर्दै जानु आवश्यक छ । अहिले श्री ५ पृथ्वीनारायण शाहका केही लालमोहर र धैंबुङको अभिलेख पाठकका समक्ष प्रस्तुत छ ।

## श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएका लालमोहर (फलक १ क)

स्वस्तिश्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमानमानोन्नतः श्रीमन्महाराजधिराज श्री श्री श्री पृथ्वीनारायणसाहाबहादुरः सम्सेर जङ्गदेवानाम् सदा समर विजयिनाम्

आगे नैजराम मेदासि प्रति नुवाकोट भर अम्वलका चार वर्ण छतिसै जात वस्याको घरवारिमा वसि पजनि नगर्नु तथा आयाका कुरियालाई उठिजान्या कुरियाको षायल र धेरै हुन्याको वारि काटि घडेरि बनाउन दिनु घरवडेरि पाताल गर्न नदिनू पाताल भयाको घर बनाउन्यालाई दिनु सहर गुल्जार गराउनू रैतानले अन्यत्र झारा नजानू भनि थितिको वंदेज गरिवक्स्यौं इति साके १६९० मिति फाल्गुणमासे शुक्लपक्षे पंचमी बुधवासरे शुभम्

रुजु वंसराज पाडे

रुजु सुरसिं राना

रुजु दामधर पाडे

यसमा दिइएको सालमितिको गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १६९० वि.सं. १८२५ फाल्गुन शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| चैत्र | ३ | आदित्य | पञ्चमी | ५० | २९ |

यहाँ वार मिलेन ।

त्यस कारण श्रावण शुक्लमा गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १६९० वि.सं. १८२५ श्रावण शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| भाद्र | ५ | बुध | पञ्चमी | ४७ | ३८ |

यहाँ वार मिल्यो । त्यस कारण सो लालमोहरमा मिति लेख्दा भ्रमले श्रावण लेख्नुपर्नेमा फाल्गुण लेखेको बुझिन्छ ।

## श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएको लालमोहर (फलक २)

श्रीदुर्गासहाय

श्री भैरवी

१ तुलजा

२

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्री महाराजाधिराज श्री श्री श्री पृथ्वीनारायण साहा वाहादुर सम्सेर जङ्ग देवानाम् सदा समर विजयिनाम्

आगे नैजराम मेदासी साहीके अघि नुवाकोटका देवीजात्रा र दसैंमा नेपाली राजाका भाइछोराले पुजाविधि संकल्प गर्नुपर्दो रहेछ तस निमित्त जाहा बडा जोसीलाई हेराउँदा तुम्रो नाउँमा जुर्‍यो अव उप्रान्त तहाका –१– का जात्रा दसैंमा –२– का षड्गजात्रामा हामीले गर्नुपर्ने पूजाविधि संकल्प तिमिले गर्नु तिम्रा शेष पछि तिम्रा सन्तानले गर्नु पुर्‍याका रात्रीमा देवीघाटमा घामीले भलोमन्दो जो वोल्छ सो हाम्रा हजुरमा जाहेर गर्नु भनी राजगुठीयारी गरीवक्स्यौं तुमीकन जागीर षेत ४।२० को चौषुडा धनराज थापाको वारी । ४० लब्दुखुकुवेसी लामीस्वती ।४० षसन्यापानी ।२० पीपला आरुखोला । ।६० साहु गाउँ पातल्या ।३० पीपल्या धनराज थापाको १ । २० षिच्यात ।५० घोरघाड । १० दोल्षाजीर मुहान्या चौषुडा ।५० कुतवालकन १। ५० गेर्खु पातल्या ।३० ऐ. जलुक्यानी ।२० माले ।३० वकौल्या । ३० घोडघाड । २० चौषुडा । २० कालीगंडकी । ८० केलब्दु कामीटार । ८० यो लेखियाको षांमी खाई नीमीकको सोझो चिताइ जागीर जानी भोग्ये गर एस वात्को साछी २ तथापि वंसराज पाण्डे १ अभिमानसिं १ हर्के पंथ सुरसिं राना भगीरथ पाध्या लेखक दामोदर भट्टराइ इति शाके १६९० चैत्रमासे कृष्णपक्षे द्वादशी गुरुवासरे शुभम्

श्री. म. चौतरिया दलमर्दन साहा

मार्फत दलमर्दन साहा

यसमा दिइएको सालमितिको पूर्णान्तमानबाट गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १६९० वि. सं. १८२५ चैत्रकृष्ण

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| चैत्र | २५ | सोम | द्वादशी | ५४ | ११ |

यहाँ वार मिलेन ।

त्यस कारण अमान्तमानबाट गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १६९० वि. स. १८२५ चैत्रकृष्ण (पूर्णान्तमानबाट वैशाखकृष्ण)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | ६ | बृहस्पति | द्वादशी | १९ | २३ |

यहाँ वार मिल्यो । त्यस कारण पृथ्वीनारायणको यस लालमोहरमा अमान्तमानको मिति प्रयोग गरिएको बुझिन्छ ।

## श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएको लालमोहर (फलक ३)

श्री दुर्गा सहाय

स्वस्ति श्री गिरिराजचक्रचूडामनि नरनारायनेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री पृथ्विनारायण शाह वहादुर सम्सेर जङ्ग देवानाम् सदा समर विजयिनाम्

आगे नैजराम मेदासिके तिम्रा द्वारि खानगि खाई नुवाकोटमा रहनू नुवाकोटमा जो परिआयाको इंडकुण्ड पंचखत् समेत खानु रहितान्मा खोजि नपस्नु नुवाकोट भर अम्बलको चार वर्न छतिसै जातले वस्याका घरवारि सुवराको सेर्मा र साउन्या फागू छाला पैसा जन मानु समेत माफ गरिवक्स्यौं थरघर सामेल राखि कटुवाल लोहार जो भयाका पनि आफ्ना तजविजले राखि निमिकको स्वझो चिताई रहनू तिम्रा दरसन्तानलाई हाम्रा दरसन्तान भै भारदारले नखोसनु जसले खोसला तस्को धर्म नष्ट ईति साक १६९१ माघमासे कृष्णपक्षे गुरुवासरे

शुभम्

मार्फत दलमर्दन साहा / मार्फत सुरप्रताप साहा
रुजु दामोदर भट्टराइ / रुजु सुरसिं राना

यसमा मितिको उल्लेख छैन् । पक्षमा दुइ पटक बृहस्पति वार पर्छ । पूर्णान्तिमानको भए सप्तमी र चतुर्दशीमा बृहस्पति वार पर्छ । अमान्तमानको भए पञ्चमी र द्वादशीमा बृहस्पति वार पर्छ ।

यी तीनै ओटा लालमोहर पश्चिम १ नम्बर नुवाकोटका द्वारे गणेशकुमार साहीको सौजन्यबाट प्राप्त भएका हुन् ।

व्याख्या

सत्रौ शताब्दीतिर पाल्पाली राजा मुकुन्दसेनपछि उनका छोराहरूका पालामा मुकुन्दसेनको राज्य छिन्न-भिन्न भई टुक्रिएर गण्डकी प्रदेश अनेकन् राज्यमा विभाजित भएका थिए । यी राज्यको संख्या कहिले बढ्ने र कहिले घट्ने पनि हुन्थ्यो । यी राज्यको संख्या लगभग २४ सम्म पुगेका थिए । त्यसकारण तिनताक गण्डकी प्रदेशको राज्य चौबीसी राज्य भनी प्रसिद्ध छ । यी चौबीसी राज्यमध्ये खाँची र धुरकोटमा मेदासीको राज्य थियो । नरभूपाल शाहका जेठी रानी चन्द्रप्रभावती खाँचीकी राजकन्या हुन् । यसरी खाँची र गोरखाको संबन्ध भएको थियो । यी नैंजराम मेदासी खाँचीको हुनुपर्दछ । यिनलाई श्री ५ पृथ्वीनारायण शाहले शाही पदवी दिई राजगुठियारी गरी नुवाकोटमा बस्नू भनी द्वारेको जागीरमा नियुक्त गरिदिएका थिए । नुवाकोटमा शहर गुल्जार गराउने परिआएको दण्डकुण्ड पञ्चखत आदि खाने, कटुवाल लोहारलाई आफ्नो तजबीजमा भर्ना गर्ने, देवीजात्रामा र दसैंमा पूजा संकल्प गर्ने आदि अधिकार श्री ५ पृथ्वीनारायण शाहले यी नैंजराम मेदासीलाई दिएका थिए । यी नैंजराम मेदासीले जागीरस्वरूप खानगी खेत बिर्ता धेरै पाएका थिए । सो कुरो उपर्युक्त लालमोहरबाट स्पष्ट छ । हाल द्वारे गणेशकुमार शाही यिनैका वंशज हुन् ।

नुवाकोटका भैरवीको जात्रा मल्लकालदेखि चलेको थियो भन्ने कुरा दोस्रो लाल मोहरबाट स्पष्ट छ । तर सो जात्रा मल्लकालमा कसको पालादेखि चलेको थियो भन्ने निश्चित प्रमाण प्राप्त भइसकेको छैन । नुवाकोटमा महेन्द्र मल्लका पालाको वि. सं १६२५ को शिलालेख प्राप्त भएको छ । सो अभिलेख मैले सम्पादन गरेको पुरातत्त्व पत्रसंग्रह तेस्रो भागमा प्रकाशित भइसकेको छ । तर सो अभिलेखको देवीजात्रासंग कुनै संबन्ध छैन । केवल एउटा विचार गर्ने बाटोसम्म सो अभिलेखले दिन्छ । अर्को कुरो देवीको शिलामूर्तिले पनि प्राचीनता देखाउँछ । सो देवीको मूर्ति केवल टाउको मात्र छ । सो मूर्तिशिला चिल्लो तथा राम्रो छ ।

नुवाकोटका भैरवी देवीको जात्रा चैत्रशुक्ल चतुर्दशीका दिनदेखि शुरु हुन्छ । त्यो दिन धामी नुहाउने भनी धामीले देवीथानमा नुहाई जामा पोशाक मुकुट गहना पहिरी बसिरहेको हुन्छ । तिनलाई बाजा बजाई लिन जान्छन् र बाजाको साथै धामीले द्वारेको घरमा महाबलि लिन जान्छ । त्यहाँबाट धामीले बलि लिई देवीथानको मुनि गएर बिसाउँछ । सो ठाउँ देवीको माइती भन्ने स्थानीय जनताको भनाइ छ । त्यस ठाउँमा लिङ्गो गाडेर धामीलाई जात्रा गर्दै ल्याउँछन् । ठाउँ ठाउँमा बलि प्रसाद छर्दै शहर परिक्रमा गरी धामी देवीथानमा आउँछ । त्यहाँ पनि एउटा लिंगो गाड्छ । लिंगो गाड्ने काम राति हुछ । त्यो रात साततलेदरबारमा धमिनीलाई द्वारेले सिंदूर हाली धामी, धमिनी र अरू गुठियारहरूलाई भोज दिन्छन् । भोलिपल्ट चैत्रशुक्ल पूर्णिमाको दिन देवीलाई खटमा राखी धामीधमिनीसहित जात्रा गरी देवीघाट लैजान्छन् । त्यो दिनको रातिदेखि चैत्रकृष्ण प्रतिपदाको दिनभर त्यहाँ ठूलो भोग बलि हुन्छ । त्यसको राति देवीको खटसहित धामी माथि आई धरमपाटी भन्ने ठाउँमा बास बस्छ । भोलिपल्ट चैत्रकृष्ण द्वितीयाको दिन पल्टनसहित गयी देवीको खट र धामी धमिनीलाई माथि देवीथानमा ल्याई ठूलो सिंदूरजात्रा गरी त्यहाँबाट तलेजूमा लैजान्छन् र त्यहाँ पूजा हुन्छ । यस दिन सारा गाउँलेहरूको भीड हुन्छ । त्यो दिन रातमा देवीथानमा धामीले सरकारतर्फबाट दिएको पञ्चबलि लिन्छ । यसपछि सानो सानो जात्रा हुन्छ र प्रायः अष्टमीमा लिंगो ढालेपछि जात्रा समाप्त हुन्छ । दसैंमा तलेजूमा खड्गजात्रा हुन्छ । यी जात्रामा पूजासंकल्प द्वारेबाट हुन्छ ।

पृथ्वीनारायण शाहभन्दा पहिले ती जात्रामा पूजासंकल्प मल्ल राजाका भाइछोराहरूबाट हुन्थ्यो । पृथ्वीनारायण शाहका पालादेखि सो जात्रामा पूजासंकल्प मेदासी द्वारेबाट हुने भयो । चैत्रशुक्ल पूर्णिमाको राति धामीले बकेको शुभाशुभ कुरा हाम्रा हजुरमा जाहेर गर्नू भन्ने कुरा श्री ५ पृथ्वीनारायण शाहले नैजराम मेदासीलाई गरिदिएको दोस्रो लालमोहरमा उल्लेख भएको छ । यसबाट पृथ्वीनारायण शाहले धामीले बकेको कुरा विश्वास मानी सुन्ने गर्दथे भन्ने बुझिन्छ ।

## श्री ५ पृथ्वीनारायण शाहबाट ग्यानदेउ धामीलाई गरिदिएको लालमोहर (फलक १ ख)

**श्री दुर्गासहाय**

**श्री भैरवि**

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे ग्यान्देउ धामि प्रति तहाँ — – का थानमहा एक सय सत्ताईस वाति हरिसयनी एकादशीदेखि हरिवोधनीसम्म रोज प्रति मेरा नाउँमहा व्यालुका सांजका भषत नित्तह वालि देउ भेटिकन रुपैया एक वाति वाति वाल्न्या सराजाम एताबाट पठाइ दियाको छ वालि दिन्या गर पछि चतुर्मासा पुगला भन्दा खेरि दिन ८ । १० अध्यारै हामिलाइ षवर दिया र सांग्य गरौला तेल किन्न रुपया २ पठाइदियाको छ किन र वाल इतिसम्वत् १८३१ साल आषाढ शुदि १० रोज २ मुकाम काठमाडौं शुभम्

यसमा दिइएको सालमितिको गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

वि. सं. १८३१ आषाढ शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | ६ | सोम | दशमी | ४८ | ५२ |

**यो वर्ष वैशाखमा अधिकमास छ । अधिकमास गणना नगर्दा वार मिल्छ । यस वेलाको अधिकमास गणना गर्ने** विधि विचारणीय छ ।

यो लालमोहर नुवाकोटका धामी श्री हरिमानसिं डङ्गोलको सौजन्यबाट प्राप्त भएको हो ।

व्याख्या–

वि. सं. १८३० मा पूर्व किरातप्रदेश चौदण्डी विजयपुर विजय गरी नेपालराज्य टिष्टासम्म पुऱ्याएपछि पश्चिमतिर पनि राज्य बढाउने उद्योगमा पृथ्वीनारायण शाह लागिरहेका थिए । यत्तिकैमा वि. सं. १८३१ माघ १ गते त्रिशूली गण्डकीको किनारमा ५२ वर्षको उमेरमा पृथ्वीनारायण शाहको देहावसान भयो । यस रुक्का लालमोहरमा पृथ्वीनारायण शाहको नाम उल्लेख भएको छैन । तर वि. सं. १८३१ आषाढको पत्र हुनाले यो पत्र पृथ्वीनारायण शाहको हुनामा सन्देह छैन । किनभने यस वेला पृथ्वीनारायण शाह जीवितै छन् । श्री ५ पृथ्वीनारायण शाहले आफ्नो नाउँमा चतुर्मासमा देवीथानमा वत्ती बालिदेऊ भनी नुवाकोटको ग्यानदेउ धामीलाई गरिदिएको यो लालमोहर हो । यस वेलासम्म पृथ्वीनारायण शाहलाई आफू मरौंला भन्ने लागेको थिएन । किनभने पछि आउने चतुर्मासमा ८ । १० दिन अगाडि नै हामीलाई खवर गर्नू भनी पृथ्वीनारायण शाहले ग्यानदेउ धामीलाई यस लालमोहरमा लेखिपठाएको कुरो छ । यसमा मुकाम काठमाडौं लेखिएको हुनाले यस वेला पृथ्वीनारायण शाह काठमाडौंमै थिए भन्ने निश्चित छ । ग्यानदेउ धामी डङ्गोल जातिका हुन् । हाल धामी हरिमानसिं डङ्गोल यिनैका वंशज हुन् । पृथ्वीनारायण शाहले देवतामाथि मर्यादा राखी भक्तिभाव गर्दथे भन्ने कुरा यस लालमोहरबाट स्पष्ट छ ।

## राई लिम्बूहरूलाई गरिदिएको श्री ५ पृथ्वीनारायण शाहको लालमोहर

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायेणत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज पृथ्वीनारायण साहवादुर शम्शेर जङ्ग देवानाम् सदा समर विजयिनाम्

स्वस्ति राजभार सामर्थ श्री श्री सुनराई श्री कुश-

राइ श्री जङ्ग राइ सव गैह्र लिम्बु राइके आशिक पूर्वक पत्रमिदम् यहा कुसल ताहा कुसल चाहिये आगे यहा मेरो धर्म समाचार भलो छ उप्रान्त तिमीहरूलाई हिज पनि पिछा वक्सेको हो त्यो तिम्रो लिम्बुवान मुलुक हाम्रो प्रतापले तिम्रा पूर्खा तूतू तुम्याहांगको प्रताप हान्यो र याहा श्री ढङ्गसन्तान लिम्बुवान् खम्बुवान् मुलुक हाम्रो भयो तापनि तिमीहरू हाम्रै छौ तिम्रा जहानको पिछा हामीले लियौं जस जस जस्को जे जे तम्रा खाइन् पाइन् लुङ्गवांग वाङसिग वांगगङ जिमी भूमी हिजको आपुंगी सर्व थामीवक्स्यौं तिमीहरूले हिज आपै आप आपुंगी पाए बमोजीम जिमी भूमी रहन्जेल साखा सन्तान तक भरत सघाई भोग्य गर अरु नौ लाख रथंकपटि हौन के अर्थले भने अरु राजालाई मासिने हुंदा तिमीहरू राजा नै भन्ने नमासिने हौ यो तिम्रा निती हामीले जानेको छ तर कुराको विस्तार सवै तिम्रा नाभिमा वसेकाले तिनले नास्यो सुखिमको र हाम्रो घर नभएको हाम्रो भला मानिस र हाम्रो चौकीले वोल कुरा गरीगएको छ उनैबाट विस्तार कुरा बुझौला भोली र तिमीहरूको आपुंगी खाइन पाइन त्यो मुलुक जिमी भूमी जिती हामीले खोसी मासे हामीले पूजी ल्याएको देवताले हाम्रो राजकाज नासोस् भन्ने वाचाको तसली मोहर वाधिदियौं इति सम्वत् १८३१ साल मिति श्रावण सुदि १ रोज २ मुकाम कान्तिपुर राजधानी शुभम्

यसमा दिइएको साल मितिको गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

वि. सं. १८३१ श्रावण शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | २७ | सोम | प्रतिपदा | ३२ | २९ |

यो गणनामा पनि वैशाखको अधिकमास लिइएको छैन । मोथिकै बमोजिम गणना गरिएको हो ।

व्याख्या—

पृथ्वीनारायण शाहले नेपाल खाल्डो विजय गरेपछि पूर्वका सेनराज्य चौदण्डी र विजयपुर दख्खल गर्ने विचार गरे । तिनताक चौदण्डीमा कर्णसेन राजा थिए । तिनलाई वि. सं. १८३० मा हराएपछि विजयपुर पनि पृथ्वीनारायणले दख्खल गरे । चौदण्डी र विजयपुर दख्खल भएपछि किरात र लिम्बुवान प्रदेशका राजाहरूले पृथ्वीनारायणलाई आत्मसमर्पण गरे । यति भएपछि नेपालराज्य पूर्व सुखिमसँग जोडिन पुग्यो ।

विजयपुरको राज्य टिष्टासम्म फैलिएको थियो । विजयपुरमा राजा र मन्त्रीको कलह भएको मौका छोपी सुखिमले विजयपुरको राज्य टिष्टादेखि कनकाइसम्मको प्रदेश हात लगाएका थिए । पृथ्वीनारायण शाहले विजयपुर दख्खल गरेपछि सो प्रदेश पनि आफ्नो हक दावी गरे । तर सुखिमले हात लागिसकेको सो प्रदेश छोड्न चाहेन । यसैमा पृथ्वीनारायणको र सुखिमको ठाकठुक पर्‍यो ।

यस वखत किरातबाट भागेका आफ्ना शत्रुहरूलाई सुखिमले हात लिई गडवड मच्चाउन लागिरहेको थियो । यस्तो मौकामा लिम्बुवान पनि भड्कने सम्भव थियो । त्यसैले पृथ्वीनारायण शाहले तिनीहरू नभड्कियून् भन्ना निमित्त बुद्धिमत्तापूर्वक ती लिम्बुवानहरूलाई तिनीहरूले खाइपाइआएको भूमी थामी राजा भन्ने पदवी नै दिई यो लालमोहर गरिदिएका हुन् । यो लालमोहर पृथ्वीनारायण शाहले काठमाडौंबाट गरिदिएका हुन् । यस वेलासम्म पृथ्वीनारायण पूर्वतिरकै बन्दोबस्त मिलाउने काममा व्यस्त भएको बुझिन्छ । पृथ्वीनारायण शाहले विजित प्रदेशमा लुटपाट गर्दैनथे, त्यहाँका मानिसलाई राम्रो बन्दोबस्त गरिदिएर आफ्नो अनुकूल बनाइराख्दथे । सो कुरो यस लालमोहरबाट स्पष्ट छ ।

## धैबुङ पौवाको अभिलेख (फलक ४)

(१) श्री रामः ।। ।। श्रीमान्वै सदयो ऽग्निहोत्रितिलको वेदान्तवित्सत्य

(२) वाक् ख्यातः श्री जयमङ्गलः सुकृतिनां मध्ये ग्रणीश्चाभवत्

(३) यस्य स्त्री सुगुणाम्बिकेव कथिता गौरीति नाम्ना सती तस्यां भूप

(४) तिवन्दिताङ्घ्रिकमलाः पञ्चा भवन्यत्सुताः ।।१।। कुशाग्र

(५) बुद्धिर्व्रजनाथशर्मा ज्येष्ठो हि शास्त्रेषु सुपारगो

भूत ।। वि

(६) द्वान्द्वितीयो रघुनाथशर्मा श्रीरामपादार्पितचित्त-
वृत्तिः ।।२।।

(७) जगन्नाथशर्मा तृतीयः शरण्यस्तथा लोकनाथश्च

(८) तुर्थः सुशीलः ।। क्षमावान् हरिः पञ्चमो भव्यरूपः

(९) सदा सङ्गताः पितृभक्ता वदान्याः ।।३।। गु

(१०) णिनी धर्मनिरता गुणज्ञसुतमूः पथि ।। प्रपां

(११) निर्माय सा गौरी कमलापतये ऽ र्पयत् ।।४।।

(१२) वेदाभ्रसप्तैकमिते १७०४ सुशाके माघे सिते

(१३) सर्पतिथौ सुवारे ।। वाचस्पतेः सर्वजनैः सुसे

(१४) व्या सेयं प्रपा रामपुरे दिदीपे ।।५।। अने

(१५) न कर्मणा श्रीनारायणः प्रीयताम् शुभं

अनुवाद

श्रीराम । सज्जनहरूमा श्रेष्ठ दयावान्, अग्निहोत्रीका तिलक भएका, वेदान्त पढेका, सत्य बोल्ने, प्रख्यात श्रीजयमङ्गल भए । जसकी स्त्री पार्वती जस्ती गुणी पतिव्रता गौरी भन्ने थिइन् । तिनबाट राजाले पाउ ढोगिएका पाँच छोरा भए । तीखो बुद्धि भएका, शास्त्रमा पारङ्गत भएका, जेठा व्रजनाथ भए । रामचन्द्रका पाउमा चित्त लगाएका विद्वान् दोस्रा रघुनाथ शर्मा भए । शरण लिन योग्य भएका, तेस्रा जगन्नाथ शर्मा भए । असल स्वभाव भएका, चौथा लोकनाथ भए । क्षमावान्, लायक मुहार भएका, पाँचौ हरि भए । तिनीहरू सधैं मिलीजुली रहेका, पितृभक्त तथा दानी थिए । गुणी, धर्ममा लागेकी, गुण जान्ने छोरा जन्माउने ती गौरीले बाटोमा पौवा (धर्मशाला) बनाएर शाके १७०४ (वि. सं. १८३५) माघ कृष्ण पञ्चमी बृहस्पति वारमा विष्णुलाई चढाइन् । सबै मानिसले राम्ररी सेवा गरिएको उही यो पौवा रामपुर (धैंबुङ) मा सुहायो । यस कामले श्री नारायण खुशी होऊन् ।

यसमा दिइएको साल मितिको माघ शुक्ल पक्षमा गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १७०४ वि. सं. १८३५ माघशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| फाल्गुन | १५ | आदित्य | पञ्चमी | २५ | ७ |

यहाँ वार मिलेन ।

त्यसकारण माघ कृष्ण पक्षमा गणना गरी हेर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ ।

शाके १७०४ वि. सं. १८३५ माघ कृष्ण

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | २६ | बृहस्पति | पञ्चमी | ५० | ५३ |


यहाँ वार मिल्यो । मूल अभिलेखमा "माघे सिते" लेखिएको छ । त्यसको अर्थ माघ शुक्ल पक्ष भन्ने हुन्छ । तर कृष्णपक्षमा गणना मिल्न आएकोले माघे असिते भनी पदच्छेद गरी माघ कृष्णपक्ष भनी अर्थ गर्नुपर्छ भन्ने सिद्ध हुन्छ । त्यहाँ सन्धि भई असितेको "अ" लोप भएको भन्ने स्पष्ट छ । तर अ को सट्टमा खण्डाकार चिह्न ऽ यस्तो हुनुपर्दथ्यो । सो अक्षर कुँद्नेले छुटाएको बुझिन्छ ।

यो अभिलेख पश्चिम १ नम्बर धैंबुङ लहरेपौवाको भित्तामा रहेको छ । त्यसैको यो उतार हो । यसको लमाई १ हात ८ अंगुल (२ फूट) जति र चौडाई १ वित्ता ६ अंगुल (सांढे १३ इञ्च) जति छ । अभिलेख जस्ताको तस्तो गरी दिइएको छ ।


व्याख्या

यो अभिलेख जयमङ्गल पौडेलकी पत्नी गौरीले धैंबुङको लहरेपौवा भन्ने धर्मशाला बनाई राखिदिएको हो । वि. सं. १८९४ मा भीमसेन थापाबाट राजकाजको सम्बन्ध छुटेपछि २ वर्ष जति प्रधानमन्त्रीको काम रङ्गनाथ पण्डितले चलाएका थिए । यिनै रङ्गनाथका बाजे जयमङ्गल पौडेल हुन् । यी जयमङ्गल पौडेल श्री ५ पृथ्वीनारायण शाहका महारानीका दीक्षागुरु हुन् । तिनका ५ छोरामध्ये जेठा छोरा व्रजनाथ भन्ने रङ्गनाथका बाबु हुन् । वि. सं. १८३४ मा व्रजनाथ नेपालबाट धपिएका थिए । काशीमा बसी व्रजनाथले हिन्दुस्थानको


खैखवर पठाई नेपाल दरवारसँग संबन्ध राखिछोडेका थिए । रङ्गनाथ त्यस वेला केटाकेटी हुनाले बाबुसँगै गएका थिए । रङ्गनाथले काशीमा बसी रास्रोसँग विद्या पढेका थिए । यिनको कर्पूरस्तवको टीका प्रख्यात छ । वि. सं. १८६० मा श्री ५ रणबहादुर शाह काशीबाट फर्कंदा यी रङ्गनाथ साथ लागी नेपाल आएका थिए । यसै वेलादेखि यी रङ्गनाथले नेपालको राजकाजमा हात हालेका हुन् । तिनैका पुर्खाको चिह्नस्वरूप धैबुङ्को यो अभिलेख हो । धैबुङ्लाई त्यस वेला रामपुर भनिन्थ्यो । सो कुरो यस अभिलेखले स्पष्ट बताएको छ ।



क. श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएको लालमोहर । पृष्ठ–२६
A. Shri 5 Prithvinarayan Shah's Lal Mohar to Naijaram Medasi. See Page–26




ख. श्री ५ पृथ्वीनारायण शाहबाट ग्यान्देउ धामीलाई गरिदिएको लालमोहर । पृष्ठ–२९
B. Shri 5 Prithvinarayan Shah's Lal Mohar to Gyandeu Dhami. See Page–29



श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएको लालमोहर । पृष्ठ–२७

Shri 5 Prithvinarayan Shah's Lal Mohar to Naijaram Medasi. See Page-27



श्री ५ पृथ्वीनारायण शाहबाट नैजराम मेदासीलाई गरिदिएको लालमोहर । पृष्ठ–२७
Shri 5 Prithvinarayan Shah's Lal Mohar to Naijaram Medasi. See Page-27



धैबुङ्पौवाको अभिलेख । पृष्ठ–३०
Stone Inscription at Dhaibung Pauwa. See Page–30